थाहा: पर्यटकीय स्थल र पार्क लिजमा लगाउने तयारी गर्दै । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, ● अंक-०८ ● २०७९ भाद्र २० गते सोमबार, ● 05 Sep. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## मकवानपुरका स्थानीय तह विरुद्ध २०६ उजुरी


विकास संवाददाता
थाहानगर

मकवानपुर जिल्लाका दश वटा स्थानीय तहमा बितेको आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षमा भन्दा धेरै उजुरी परेका छन् । अघिल्लो आर्थिक वर्ष २०७७-०७८ मा भन्दा बितेको आर्थिक वर्ष २०७८-०७९ मा धेरै उजुरी परेका हुन् ।

मकवानपुर जिल्लाका दश वटा स्थानीय तह मध्यमा सबै भन्दा धेरै उजुरी हेटौंडा उपमहानगरपालिकाको परेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सूचना अधिकारी विष्णु प्रभा सापकोटाले जानकारी दिए ।

आयोगको हेटौंडा स्थित कार्यालयले पत्रकार सम्मेलन गर्दै यसबारेमा जानकारी गराएको हो । हेटौंडा उपमहानगरपालिकामा बितेको आर्थिक वर्षमा मात्र एक सय २४ वटा उजुरी परेका छन् । अघिल्लो आर्थिक वर्षमा ४५ वटा मात्र उजुरी परेका थिए ।

यसैगरी थाहा नगरपालिकामा दुई वर्षको बिचमा ८ वटा उजुरी परेका छन् । इन्द्रसरोवर गाउँपालिकामा ४ वटा, कैलाश गाउँपालिकामा १२ वटा, बकैयाको २१ वटा, बागमती गाउँपालिकाको ६ वटा, भीमफेदी गाउँपालिकाको १२ वटा, मकवानपुरगढी गाउँपालिकाको २० वटा, मनहरी गाउँपालिकाको ४२ वटा, राक्सिराङ गाउँपालिकाको १६ वटा उजुरी दुइ वर्षमा परेको सापकोटाले बताए । परेका उजुरीहरूको छानविन गर्ने र फच्यौट गर्ने काम भइरहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग हेटौंडा कार्यालयका प्रमुख नरहरी घिमिरेले जानकारी बताए । मिडियासंगको सहकार्यमा अख्तियारको कार्यालयले काम गर्ने पनि जानकारी दिए ।




## थाहामा फोहोर बिक्रीबाटै आम्दानी

◆ विकास संवाददाता

थाहा नगरपालिकाले फोहोरबाट आम्दानी गर्न थालेको छरू। गत आवमा जैविक फोहोरबाट मल र अजैविक फोहोर बिक्रीबाट साढे एक लाख रूपैयाँ आम्दानी गरेको पालिकाले जनाएको छ ।

समुदायलाई परिचालन गरेर उचित ढंगले फोहोरको व्यवस्थापन गर्दै आएकाले आम्दानी हुन थालेको फोहोर व्यवस्थापन शाखा प्रमुख अनिल लामिछानेले बताए । छुट्टै कार्यविधि नै बनाएर स्थानीयलाई अपनत्व हुनेगरी व्यवस्थापन गरिरहेकाले थप लगानी गर्नुनपरेको उनको भनाइ छ ।



पालिकाले प्रत्येक वडामा बजार पहिचान गरी व्यवस्थापन समिति गठन गरेको छ । त्यस्ता समितिबाट मासिक न्यूनत्तम सय रूपैयाँ लिने गरिएको छ । 'नगरका १६ वटा समितिबाट फोहोर संकलन गरेर थाहा-२ टाखेल र ६ बज्रवाराहीस्थित सेरिगेसन हाउसमा जम्मा गरिन्छ । यहाँ कुहिने र नकुहिने फोहर छुट्याइन्छ,' नगर प्रमुख विष्णु विष्टले भने, 'नकुहिनेलाई बिक्री र कुहिनेबाट मल बनाइन्छ ।'

नकुहिने फोहोरको उचित व्यवस्थापन गर्दै आएको उनको भनाइ छ । नगरबाट दिनहुँ २ हजार ५ सय किलो फोहोर संकलन हुने गर्छ । त्यसमध्ये ४ सय किलो कुहिने फोहोर हुने उनले जनाए ।

सहरीकरणसँगै फोहोरको मात्रा बढेको भन्दै नगरले त्यसलाई घटाउन तालिम आयोजना, डस्टबिन वितरणलगायत कार्यक्रम गरिरहेको छ । दिगो रूपमा फोहर व्यवस्थापन गर्न जग्गा छनोट गरी पूर्वाधार बनाउन लागिएको उनले बताए ।

## हेटौंडामा मापदण्ड विपरीतका संरचना हटाउन कार्यदल

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिले अतिक्रमण र मापदण्ड विपरीत रहेका संरचना हटाउन कार्यदल गठन गरेको छ । उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाको अध्यक्षतामा बसेको ८ औं कार्यपालिका बैठकले नगरका सम्मूर्ण वडामा नियम विपरीत निर्माण भएका संरचनाको मुल्यांकन र अनुगमनका लागि हेटौंडा १० का अध्यक्ष फुर्वा दोर्जे लामाको संयोजकत्वमा अव्यवस्थित संरचना व्यवस्थापन कार्यदल गठन गरेको हो । बैठकले संरचना हटाउनका लागि ३५ दिने सूचना जारी गरी कामलाई अघि बढाउने जनाएको छ ।

कार्यदलले मुख्य गरी प्रदेशको राजधानी रहेको हेटौंडा बजार क्षेत्रमा रहेको अव्यवस्थित र अतिक्रमण गरी निर्माण भएका संरचनाको अवस्था र लगत संकलन गरी कार्यान्वयनका लागि प्रतिवेदन तयार पार्ने नगरप्रमुख लामाले बताइन् । राजमार्ग क्षेत्र र भित्री सडक अतिक्रमण र उपमहानगर पालिकाको मापदण्ड विपरीत निर्माण भएका संरचनाको मुल्याङकन गर्ने र हटाउने बताइएको छ ।

नगरक्षेत्रमा नक्सा पास नभइ बनेका साना ठुला टहराहरू स्वस्फुर्त हटाउन ३५ दिने सुचना प्रकाशन गरेसँगै कार्यदलले काम सुरू गर्ने छ । नगर प्रमुख लामाका अनुसार सुचना प्रकाशन पछि नहटाएमा उपमहानगरले उपकरणको प्रयोग गरेर हटाउने जानकरी दिइन् । उनले भनिन् 'हामी सुन्दर शहर निर्माणको अभियानमा छौं, यस्ता अव्यवस्थित ढंगबाट निर्माण भएका संरचनाले बजार सुन्दरतामा कमि ल्याएको र कानून विपरीत रहेकाले हटाउने तयारी थालेका हौं ।'

कार्यपालिका बैठकबाट गठित कार्यदलको सदस्यमा हेटौंडा-१ का कार्यपालिका सदस्य इश्वरी रसाइली हेटौंडा-२ का सदस्य सुरज बतौंला, हेटौंडा-४ का सदस्य जेएन श्रेष्ठ छन् ।

यस्तै सरोकार वाला निकाय मकवानपुर उद्योग वाणिज्य संघबाट एक सदस्य रहने छन् । बैठकले हेटौंडा-१० मा रहेको थोक तथा खुद्रा तरकारी बजारलाई हेटौंडा १ मा सार्ने निर्णय गरेको छ । बसपार्क क्षेत्रमा निर्माण भैरहेको बस टर्मिनलको निर्माणको काम तरकारी बजारका कारण असहज भएको भन्दै कार्यपालिका बैठकले अहिलेलाई हेटौंडा १ को राप्ति करिडोर क्षेत्रमा तरकारी बजार सार्ने निर्णय गरेको नगरप्रमुख लामाले जानकारी दिइन् । यसैबीच हेटौंडा उपमहानगर क्षेत्रबाट उत्पादन हुने फोहर व्यवस्थापनका लागि उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा फोहर व्यवस्थापन कार्यदल पनि गठन गरिएको छ ।

## उपभोक्ता समितिमा युवा सहभागिता अनिवार्य

मकवानपुरको मनहरी गाउँपालिका वडा नंम्बर ५ का वडाअध्यक्ष दिपेन्द्र अधिकारीले उपभोक्ता समिती गठन गर्दा युवा सहभागिता अनिवार्य हुनु पर्ने बताएका छन् । ५ नम्बर वडाद्वारा प्रकाशित उपभोक्ता समिती गठन सम्बन्धि सुचनामा यस्तो उल्लेख गरीएको हो । वडाले बजेट विनियोजन गरेको योजनाको काम गर्दा कम्तीमा २ युवा अनिवार्य हुनुपर्ने बताईएको छ ।

१८ वर्षदेखि ४० वर्ष उमेरका २ युवा अनिवार्य हुनुपर्ने प्रकाशीत सुचनामा प्रष्ट लेखिएको छ । वडाअध्यक्ष अधिकारीले भने,-'युवा सहभागिता भए कुनै पनि योजनाका काम जोशीलो ढंगले सम्पन्न हुन्छ, साथसाथै उनीहरूको निगरानी र खबरदारीले गुणस्तरीय काम गर्न पनि दवाव हुने भएकोले यो निर्णय गरेको हुँ ।'

चालु आर्थिक वर्ष २०७९/८० का लागि मनहरी गाउँपालिका वडा नंम्बर ५ का लागि १९ वटा योजना पारित गरेको छ ।



# • सम्पादकीय •

## बहुआयमिक साक्षरताको सवाल

अन्तर्राष्ट्रिय साक्षरता दिवस नेपालसहित संसाभरि मनाईदैछ । संयुक्त राष्ट्रसंघको आह्वानमा प्रत्येक वर्ष सेप्टेम्बर ८ लाई अन्तर्राष्ट्रिय साक्षरता दिवसका रूपमा मनाइँदै आइएको छ । यस वर्ष 'साक्षरता सिकाइको क्षेत्रमा रुपान्तरण' भन्ने नाराका साथ दिवस मनाइँदैछ छ । सम्बन्धित क्षेत्रको आवधिक मूल्यांकन र आगामी योजना निर्माणका लागि समीक्षा गर्न यस्ता दिवस महत्वपूर्ण नै मानिन्छन् । नेपालले एकातिर निरक्षरता उन्मूलन गर्ने प्रतिबद्धता कार्यान्वयन गर्न सकिरहेको छैन भने अर्कोतिर साक्षरतालाई अब अक्षर चिन्ने मात्र नभई बहुआयामिकरुपमा अघि बढाउनुपर्ने आवश्यकता महसुस हुन थालेको छ । नेपालबाट दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्ने भनेर नेपालले १४ वर्षअघि गरेको प्रतिबद्धता अझै पूरा हुन सकिरहेको छैन । अझै १६ वटा जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा गर्न सकिएको छैन ।

नेपाल सरकारले २०६५ सालमा दुई वर्षभित्र निरक्षरता उन्मूलन गर्ने लक्ष्य अगाडि सारेको थियो । अहिलेसम्म मधेश प्रदेशका कुनै पनि जिल्ला साक्षर घोषणा भएका छैनन् । हालसम्म ६१ जिल्ला साक्षर घोषित भइसकेका छन् । आगामी वर्ष मुलुकलाई पूर्ण साक्षर घोषणा गर्ने सरकारको तयारी रहेको भए पनि अझै विश्वस्त हुने अवस्था छैन । झण्डै ९० प्रतिशत नेपाली साक्षर भएको भनिए पनि सरकारसँग औपचारिक तथ्यांक भने छैन । विश्वको साक्षरता दर झण्डै ८७ प्रतिशत पुगेको छ । फिनल्याण्ड, नर्वेलगायतका देशमा शत प्रतिशत साक्षरता दर भए पनि दक्षिण सुडान, नाइजरलगायतका देशमा ३५ प्रतिशतको हाराहारीमा साक्षरता दर रहेको छ । साक्षरता बृद्धि मानवीय विकासको महत्वपूर्ण पक्ष हो । मानवीय विकास भौतिक विकाससँग पनि जोडिएकाले नेपालको आर्थिक अवस्थाको अनुपातमा साक्षरता दर बढी नै हो । छिमेकी भारतमा साक्षरता दर ७८ प्रतिशत छ भने अर्को छिमेकी चीनमा ९७ प्रतिशत छ । यो हिसाबले नेपालको साक्षरता दर शतप्रतिशत नपुग्नु अनौठो होइन बरु घोषणा गरिएका जिल्लाको यथार्थ तथ्यांक हो भने यो नेपालको सामर्थ्यभन्दा पनि बढी नै मान्नुपर्छ । सबै निरक्षर नेपालीलाई साक्षर बनाउने अभियान नै भएकाले यो ढिलो चाँडो पूरा हुने नै छ तर अब नागरिकलाई अक्षर चिनाएर मात्रै हुँदैन, उनीहरुलाई बहुआयामिकरुपमा साक्षर बनाउन आवश्यक छ । अहिले धेरै क्षेत्रमा साक्षरता जरुरी छ । मुलुकमा राजनीतिक परिवर्तन आएको छ । संविधानसभाको माध्यमबाट जनताका प्रतिनिधिले बनाएको संविधान छ । सोअनुरुपमा विभिन्न कानुन निर्माण भएर क्रियाशील छन् । १६५ वर्ष पुरानो मुलुकी ऐनलाई विस्थापन गरेर नयाँ मुलुकी संहिता जारी भएको पनि चार वर्ष पूरा भइसकेको छ तर यसबाट नागरिकले पर्याप्त लाभ लिन सकिरहेका छैनन् । खासगरी आधारभूत वर्गका नागरिकले न्यायको अनुभूति गर्न सकिरहेका छैनन् । यसमा एउटा महत्वपूर्ण कारण आधारभूत वर्गका नागरिकमा कानुनी साक्षरता न्यून रहनु पनि हो । कानुनीजस्तै वित्तीय साक्षरता उत्तिकै जरुरी छ । वित्तीय साक्षरता भन्नाले आम्दानी, खर्च, कर्जा, कर योजना, बिमा, बचत तथा लगानी जस्ता वित्तीय क्षेत्रका महत्वपूर्ण विषयहरु बुझेर उचित निर्णय गर्नसक्ने क्षमतालाई जनाउँछ । आम नागरिकलाई वित्तीय साक्षरता दिनु आवश्यक भइसकेको छ ।

हाम्रा नीति निर्माताहरुले पनि बदलिंदो विश्व परिवेशलाई ध्यान दिएर नागरिकलाई हरेक क्षेत्रमा साक्षर बनाउने नीति बनाउनु आवश्यक छ । अब शिक्षा भनेर मात्रै पुग्दैन यसको गुणस्तरीयता, व्यावसायिकता र हरेक नागरिकको जीवन परिवर्तन गर्ने खालको हुन आवश्यक छ । त्यस्तै साक्षरता पनि अक्षर चिनाउने मात्रै होइन, बदलिंदो समयलाई चिनेर सोहीअनुकूल आफ्नो जीवन सहज, सरल र सफल बनाउन नागरिक सक्षम हुनसक्ने गरी बहुआयामिक साक्षरतामा जोड दिनु आवश्यक छ ।

# स्थानीय सरकारको एकल अधिकार



कृष्णहरि बासकोटा

नेपालको वर्तमान संविधानले मुलुकमा सङ्घीय लोकतान्त्रिक प्रणाली अख्तियार गरेको छ । जसअनुसार, सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तमा आधारित भई सङ्घ, प्रदेश र स्थानीय सरकारहरू सञ्चालनमा छन् । संविधानको अनुसूची ५ ले सङ्घ सरकारलाई, अनुसूची ६ ले प्रदेश सरकारलाई र अनुसूची ८ ले स्थानीय सरकारलाई एकल अधिकार दिएको छ । जसअनुसार संविधानको अनुसूची ८ मा वर्णित स्थानीय सरकार का २२ वटा एकल अधिकारको चर्चा यस आलेखमा गरिनेछ ।

वर्तमान संविधान जारी भएपछि ७५३ वटा स्थानीय सरकारले एक कार्यकाल व्यतित गरिसकेका छन् । जुन अवधिमा संविधानले दिएको एकल अधिकारको कुन हदसम्म उपयोग भयो भनी विश्लेषण हुन जरूरी छ । यही विवेचनाका आधारमा हालै दोस्रो कार्यकालका लागि नवनिर्वाचित जनप्रतिनिधिले आफूलाई प्राप्त अधिकारको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ । यसलाई कर्मचारीतन्त्र र गाउँ वा नगरवासीले सघाउनु पर्छ । यसमा सङ्घ सरकार र प्रदेश सरकारको पनि सकारात्मक सोच आवश्यक छ । कारण, सङ्घीय शासन प्रणालीको जग नै स्थानीय सरकार हो । यो सरकार बलियो भए नै सङ्घीयता बलियो हुनेछ भन्ने कुरा घामजस्तै उज्यालो छ ।संविधानमा लेखिएका स्थानीय सरकारका २२ वटा अधिकारको व्याख्या स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको छ ।

जसअनुसार, संविधानको अनुसूची ८ को बुँदा १ मा नगर प्रहरीको व्यवस्था छ । यसर्थ, यसको गठन गरी पालिकाले जारी गरेको मापदण्डको कार्यान्वयन, सार्वजनिक सम्पत्तिको सुरक्षा र चाडपर्वको सुरक्षा व्यवस्थापन गर्नु गराउनु पर्छ । साथै, नगर प्रहरीबाट स्थानीय बजार र पार्किङ व्यवस्थापन, मिलापत्रको कार्यान्वयन, सार्वजनिक जमिनको संरक्षण, विपत्मा उद्धार, अनधिकृत होडिङ बोर्डको नियन्त्रण, छाडा चौपायाको नियन्त्रण र अनधिकृत निर्माणको नियन्त्रण गर्नुपर्छ ।

बुँदा २ अनुसार, सहकारी संस्था स्थानीय सरकारको एकल अधिकारभित्र पर्छ । जसअनुसार पालिकाले यसको नीति, मापदण्डको निर्माण, दर्ता, अनुमति, स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य गर्नुपर्छ । साथै, यससम्बन्धी तथ्याङ्क व्यवस्थापन, क्षमता अभिवृद्धि र सहकारी प्रवर्द्धनका कार्य गर्नुपर्छ । हाल सबै पालिकाले सहकारी दर्ता गर्नेलगायतका काम गरिआएका छन् तर सहकारी खेती, सामूहिक खेती, सहकारीका माध्यमबाट जनतामा बचत गर्ने बानीको विकास गराउन, सहकारी एग्रोभेटको सञ्चालन गरी अर्गानिक उत्पादन गर्न, सहकारीका माध्यमबाट कृषि उत्पादनको प्रोसेसिङ प्याकेजिङ, ग्रेडिङ गर्न र सहकारीका माध्यमद्वारा पालिकाभित्रको माग र आपूर्तिमा सहजता प्रदान गर्न सुपथ मूल्यका सहकारी पसलहरू सञ्चालन गर्न भने पालिकाहरू पूर्णतः असफल रहे ।

बुँदा ३ मा एफ.एम. सञ्चालन पर्छ । यसअनुसार एक सय वटा सम्मको रेडियो सञ्चालन र अनुमति दिने कार्य पालिकामा पर्छ । अधिकारको बुँदा ४ अनुसार, स्थानीय कर, सेवा शुल्कलगायत संचालनको कार्य स्थानीय सरकारको हो । जसअनुसार, पालिकाले सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय शुल्क भूमिकर, मनोरञ्जन कर असुल गर्न सक्छ । यसका लागि कर, राजस्व संचालन र व्यवस्थापन गर्नुपर्छ । केबलकार, सहासिक खेललगायतको शुल्क र जडीबुटी, कवाडी करलगायत संचालन गर्नुपर्छ । यसैगरी, ढुङ्गा, गिटी, बालुवालगायत प्राकृतिक स्रोतको राजस्व असुली गर्ने, विभिन्न सिफारिस वापत दस्तुर लिने, राजस्व प्रवर्द्धन, राजस्व सूचना र राजस्व चुहावट नियन्त्रण गर्ने जिम्मेवारी पनि पालिकाकै काँधमा रहेको छ । यसमा भने पालिकाहरू सफलताको सँघारमा छन् । पहिलो वर्ष कुल खर्चको स्थानीय राजस्व आय ४।५ प्रतिशत रहेकोमा पाँचौं वर्षमा पुग्दा यसको हिस्सा २०।२२ प्रतिशतमा पुग्न खुसीको विषय हो ।

स्थानीय सरकारको अधिकारको बुँदा ५ मा स्थानीय सेवाको व्यवस्थापन उल्लेखित छ । यसमा सेवासम्बन्धी नीति निर्माण, कर्मचारी व्यवस्थापन, वृत्ति विकास र ओ एण्ड एम सर्वे गर्नेजस्ता कार्य पालिकाले गर्नुपर्छ । यसमा सङ्घीय सरकारले सङ्घीय निजामती ऐन जारी गर्न नसकेको कारण पालिकाहरू हेरेको हेर्‍यै भए । यसैगरी, पालिकाको एकल अधिकारको बुँदा ६ मा स्थानीय तथ्याङ्क र अभिलेख

संचानसम्बन्धी अधिकार छ । यसमा पालिकाले यससम्बन्धी नीति निर्माण गर्ने, आधारभूत तथ्याङ्क संचालन गर्ने, जन्म दर्तालगायतका काम गर्ने र सूचना तथा सञ्चारसम्बन्धी जिम्मेवारी पूरा गर्नुपर्छ । यसमा अधिकांश पालिकाले परामर्शदाता नियुक्ति गरी गाउँ र नगरको प्रोफाइल तयार गरे । यसमा पालिकाहरू धन्यवादको पात्र छन् । बुँदा ७ मा स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरूको व्यवस्था छ । यसमा पालिकाले यससम्बन्धी नीति निर्माण गर्ने, परियोजना तर्जुमा र कार्यान्वयन गर्ने, आयोजनाको अध्ययन गर्ने, सम्भाव्य प्राकृतिक स्रोतको परिचालन गर्ने तथा सहरी विकास र बस्ती विकास योजना सञ्चालन गर्नुपर्छ । पालिकाहरूले प्रोजेक्ट बैक बनाउन सकेनन् । बुँदा ८ मा आधारभूत र माध्यमिक शिक्षा रहेको छ । जसअनुसार, बाल विकास, आधार भूत शिक्षा, सामुदायिक, गुठी स्कुल, प्राविधिक शिक्षा, तालिम र मातृ भाषामा शिक्षा दिने काम पालिकाले गर्नुपर्छ तर यसको कार्यान्वयनमा सङ्घीय सरकार उदार हुन सकेको देखिएन ।

स्थानीय सरकारको अधिकारको बुँदा ९ मा आधारभूत स्वास्थ्य र सफाइ रहेको छ । यसमा सफाइ, पोषण नीति, अस्पताल र स्वास्थ्य सेवा केन्द्र सञ्चालनको काम पालिकाले गर्नुपर्छ । साथै, यससम्बन्धी भौतिक पूर्वाधार निर्माण, स्वच्छ खानेपानी, सरसफाइ, फोहोर व्यवस्थापन, रक्त सञ्चार सेवा, औषधि पसल, परिवार नियोजन तथा महिला र बालबालिकाको स्वास्थ्य सेवासम्बन्धी काम पालिकाले गर्नुपर्छ । मुख्यतः कोभिडको समयमा पालिकाहरूले गरेको कार्य सर्वत्र प्रशंसनीय रह्यो । बुँदा १० मा स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता छ ।

बुँदा ११ मा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ रहेको छ । यसर्थ, पालिकाले यससम्बन्धी नीति, योजना, गुरूयोजना, निर्माण, मर्मत, सिँचाइ, झोलुङ्गे पुल पुलेसा र यातायात सुरक्षासम्बन्धी काम गर्नुपर्छ । पालिकाहरूले विगत पाँच वर्षमा सडकमा धेरै लगानी गरे । साथै, अधिकारको बुँदा १२ मा गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गर्ने व्यवस्था छ । यी काम विगतमा भए । स्थानीय सरकारको अधिकारको बुँदा १३ मा स्थानीय अभिलेख व्यवस्थापन गर्ने कुरा छ । अधिकारको बुँदा १४ मा पालिकालाई जग्गा धनी पुर्जा वितरण गर्ने अधिकार छ । यी कुरामा पालिकाहरू कमजोर देखिए, सङ्घीय सरकारले दादागिरी देखाउँदा पालिकाहरूले जमिनको स्वामित्वमाथि नियमन गर्न पाएनन् ।

बुँदा १५ मा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारीको व्यवस्था छ । यसर्थ पालिकाले, यससम्बन्धी नीति, कानुन निर्माण, कृषि तथा पशुपन्छी बजार व्यवस्था, महामारी नियन्त्रण, पशुपन्छी चिकित्सक सेवा, कृषि वातावरण र जैविक विविधता, पशु नश्ल सुधार, उच्च मूल्ययुक्त कृषि, स्थानीय चरन, पशु आहार, पशुपन्छी तथ्याङ्क, पशु वधशाला, शीत भण्डार र पशुपन्छी बीमासम्बन्धी काम गर्नुपर्छ । यी काममा पालिकाहरू सफल नै भए । यसैगरी, पालिकाको अधिकारको बुँदा १६ मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन छ । यसमा पालिकाले सामाजिक सुरक्षा कार्यक्रम, परिचयपत्र, सुविधा, दिवा सेवा केन्द्र र स्याहार केन्द्र सञ्चालन तथा सडक बालबालिकालगायतको व्यवस्थापन गर्नुपर्छ ।

यस क्षेत्रमा पनि पालिकाहरू सामान्यतः अब्बल नै रहे । अधिकारको बुँदा १७ मा बेरोजगारको तथ्याङ्क संकलन रहेको छ । जसमा पालिकाले सूचना प्रणालीको स्थापना, स्वदेशी र विदेशी श्रमिकको लागत, विषयगत दक्ष जनशक्तिको तथ्याङ्क, सुरक्षित वैदेशिक रोजगार, रोजगारी सूचना केन्द्र, वैदेशिक रोजगारीका लागि सीपमूलक तालिम, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञानको उपयोग र बेरोजगारको तथ्याङ्क यथार्थ तथ्याङ्क अद्यावधिक गर्नुपर्छ । यसमा पालिकाहरूले खासै ध्यान दिन सकेनन् । अधिकारको बुँदा १८ मा कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन गर्ने रहेको छ ।

स्थानीय तहको अधिकारको बुँदा १९ मा खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जाको व्यवस्था छ । जस्मा

बाँकी पेज ३ मा


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# जंगलमा पाइने यी हुन् १ सय ७० प्रजातिका खानयोग्य वनस्पति



बारीमा खेती नगरिने तर खानयोग्य वनस्पतिको वर्गीकरण गरिएको छ । यी वनस्पतिले पोषण सुरक्षाका लागि उल्लेख्य योगदान गरेको अध्ययनमा देखिएको छ ।

जर्मन संघीय आर्थिक सहयोग र विकास मन्त्रालय तथा अन्य निकायको साझेदारीमा जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लिबर्ड)ले उत्तरी धादिङको रूबि भ्याली, खनियाबास र गङ्गाजमुना गाउँपालिकमा गरेको अध्ययनले एक सय ७० प्रजातिका जङ्गली खानयोग्य वनस्पतिको पहिचान र वर्गीकरण गरेको हो । अध्ययनका क्रममा दुई सय ५७ प्रजातिका नामावली संचालन गरेको थियो ।

स्थानीय बासिन्दाले वर्षभरि उपभोग गर्ने मसलामा १३ दशमलव छ प्रतिशत, तर कारीमा १७ दशमलव दुई प्रतिशत र फलफूलमा १९ दशमलव छ प्रतिशत तौलको आधारमा जङ्गली वनस्पतिको योगदान रहेको अध्ययनले देखाएको छ । यस क्षेत्रका नागरिक ८८ प्रतिशतले आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने अवस्था रहेको देखिएको छ ।

ग्रामीण दुर्गम स्थानका गरिब र सीमान्तकृत समुदायका लागि जङ्गली खानयोग्य वनस्पति खाद्य तथा पोषण सुरक्षा, आयआर्जन, र जीविकोपार्जन गर्ने प्रमुख आधार देखिएकाले संरक्षण, व्यवस्थापन र निरन्तर उपलब्धताका लागि स्थानीय सरकार, समुदाय र जीविकोपार्जन गर्नेको ध्यान जान जरूरी देखिएको छ ।

निगुरो, फापरे साग, खोले साग, अल्लो, सिस्नो आदिलाई गरिबले तरकारीको रूपमा छाक टार्ने वनस्पतिको रूपमा रहेको छ । यी वनस्पति सजिलै पाइन्छन् । सिस्नो, टिमुर र चिप्लेलाई स्थानीयवासीले औषधिको रूपमा समेत प्रयोग गर्दै आएका छन् । ओखर, बाँको, च्याउ, सिस्नोलाई प्रशोधन गरेर पछिका लागि भण्डारण गर्ने गरिएको छ ।

लिबर्डका कृषि तथा प्राकृतिक श्रोत व्यवस्थापन अधिकृत शम्भु बस्नेतका अनुसार बारीमा फलाइने, किनेर प्रयोग गरिने तरकारीको तुलनामा जङ्गली वनस्पतिले १४ देखि १८ प्रतिशतसम्म योगदान गरेको छ । यसको संरक्षण, नयाँपुस्तामा ज्ञानको हस्तान्तरण हुनुपर्ने उनको भनाइ छ ।

वनस्पतिको नाम, विशेष गुण, प्रयोग विधि आदिबारे समुदायस्तरमा छलफल र अभिलेखीकरण गरेर राख्नुपर्ने देखिएको छ । बीस प्रतिशत योगदान रहेको वनस्पतिको संरक्षणमा ध्यान दिनुपर्ने तथा खानामा विविधीकरण गरेर खानेबानीको विकास गर्न अध्ययनले सुझाव दिएको छ ।

## स्थानीय तहको ..

पालिकाले खानेपानीसम्बन्धी नीति, योजना, खानेपानी महसुल, एक मेगावाटसम्मका जलविद्युत् आयोजनाको निर्माण र वैकल्पिक ऊर्जासम्बन्धी काम गर्नुपर्छ । यी काममा अधिकांश पालिका सङ्घ र प्रदेश सरकारको मुख ताकेरै बसे । स्थानीय तहको अधिकारको बुँदा २० मा विपत् व्यवस्थापन रहेको छ । यस्मा पालिकाले विपत् योजना, पूर्वतयारी, राहत, तटबन्ध, नक्सांङ्कन, सबैसँग समन्वय र स्रोत परिचालन, पुनर्स्थापना, पुर्ननिर्माण, तथ्याङ्क, आपत्कालीन कार्य र समुदायमा आधारित कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । यसमा आंशिक काम भयो । अधिकारको बुँदा २१ मा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण गर्ने व्यवस्था छ ।

यसमा पालिकाले जलाधार, वन्यजन्तुसम्बन्धी नीति, कानुन, पानी मुहानको संरक्षण, सामुदायिक भूसंरक्षण, खानी, बहुमूल्य धातु, ढुङ्गा गिट्टी, बालुवा र भौगर्भिक नक्सासम्बन्धी काम गर्नुपर्छ । यसमा पालिकाहरू ढुङ्गा र बालुवा बेच्नमै रमाए, अरू काम गरेनन् । पालिकाको अधिकारको बुँदा २२ मा भाषा, संस्कृति र ललितकताको संरक्षण र विकास र हेको छ । यसमा पालिकाले नीति, योजना निर्माण, पुरातत्व, सङ्ग्रहालय, परम्परागत जात्रा, पर्व तथा भाषा, कला र संस्कृतिलगायतको संरक्षणसम्बन्धी काम गर्नुपर्छ । यसमा यसो केही गर्न खोजेझैँ काम भयो, ठोस काम भएन । यसर्थ, यिनै विश्लेषणका आधारमा वर्तमान स्थानीय सरकारहरू आफ्नो एकल अधिकारको प्रयोगमा प्रभावकारी देखिनु समयको माग हो ।




# यि हुन् घुमफिरका लागि उपयुक्त ठाउँ

सुकिलो याम । न धेरै गर्मी, न जाडो । न झरी, न हुरी । दशैं-तिहारको घमाइलो मौसममा निस्फिक्री घुमफिर गर्नुको मज्जा नै बेग्लै हुन्छ ।

कामधन्दाबाट पाउने यो लामो विश्राममा नयाँ ठाउँ, नयाँ परिवेश, नयाँ खानपान, नयाँ जीवनशैलीसँग साक्षात्कार गरिरहँदा वास्तवमै नयाँपनको अनुभूति हुन्छ । यस्तै अनुभूति सँगाल्नका लागि घुमघामको योजना बनाइरहेकाहरूले नयाँ-नयाँ गन्तव्य पहिल्याउन सक्छन् । नेपालमा यस्ता थुप्रै गन्तव्य छन्, जसले घुमफिर लाई रोमाञ्चक र स्मरणीय बनाइदिन्छ ।

### दुनै (डोल्पा)

हिमालको चिसो सिरेटो, लेकाली जीवनशैली अनि रैथाने खान्की । भिन्न परिवेशमा रमाउन चाहनेका लागि गज्जबको गन्तव्य हो दुनै । यो डोल्पा जिल्लाको सदरमुकाम हो । यहाँ खान-बस्नको राम्रो प्रबन्ध छ । त्यसैले अतिरिक्त झन्झट व्यहोर्नुपर्दैन ।

आसपासमा अग्ला टाकुरा, माझमा कञ्चन हिमाली खोला । खोलाको दुवै किनारमा लमतन्न दुनै बजार । यो भू-बनोटले त्यसै पनि आगन्तुकको मन रोमाञ्चक बनाइदिन्छ । माटोले छाएका परम्परागत बस्तीहरू, आँखै अगाडि हिमाल, उकालो-भिरालो बाटोहरू । नयाँ अनुभव सँगाल्न चाहनेका लागि सही रोजाइ हुनसक्छ, दुनै ।

### बुराउसे (हुम्ला)

'होमस्टे'मा बास बस्न रूचाउनेका लागि हुम्लाको बुराउसे राम्रो विकल्प हो । हुम्ला सदरमुकाम सिमकोटलाई तिब्बतको सीमासँग जोड्ने सडकमार्फत यहाँ पुग्न सक्छ । नेपालको अन्य ठाउँबाट यस जिल्लामा पुग्ने साधन भनेको नेपालगन्ज सिमकोट तथा सुर्खेत सिमकोटको हवाई मार्ग मात्र हो । सिमकोटबाट एक घण्टाको पैदल यात्रापछि सहजै बुराउसे पुग्न सकिन्छ ।

बुराउसे हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल मानसरोवर जाने प्रमुख मार्गमध्ये एक हो । मानसरोवर जाने तीर्थ यात्रुको चाप बढे लगत्तै यहाँ सञ्चालित पहिलो होमस्टेमा बास बस्नेको संख्या बढ्छ । बुराउसेमा हुम्लाकै पहिलो सामुदायिक होमस्टे सञ्चालनमा आएको हो ।

### सन्दकपुर (इलाम)

इलाम र दार्जिलिङको सीमावर्ती गन्तव्य हो, सन्दकपुर । समुद्री सतहबाट ३६ सय ३६ मिटरको उचाइबाट देखिने अनन्तसम्मका दृश्यले आगन्तुकलाई मोहित बनाउँछ । जब सन्दकपुर पुग्छौं, त्यहाँबाट देखिने अद्भूत हिमशृंखलाको दृश्यले मन यसै पनि फुरूंग हुन्छ ।

कुहिरो भन्दा माथिको यो बस्तीमा चिसो सिरेटोले हिर्काइरहन्छ । त्यो चिसो स्पर्शले पनि बेग्लै अनुभूति दिलाउँछ । सूर्योदय र सूर्यास्त दृश्यका लागि सन्दकपुर सही गन्तव्य हो । यहाँबाट दर्जनौं हिमशृंखलाको दृश्य अवलोकन गर्न सकिन्छ ।

### खुम्जुङ भ्याली (सोलुखुम्बु)

सोलुखुम्बुको खुम्बु पासाङ ल्हामु गाउँपालिकामा पर्ने खुम्जुङ उपत्यकालाई हरित उपत्यका नामले चिनिन्छ । खुम्जुङ नाम्चे भन्दा केहीमाथि समुद्री सतहदेखि ३ हजार ८ सय मिटरको उचाइमा रहेको छ ।

खुम्जुङ पुग्न सोलुखुम्बु सदरमुकाम सल्लेरीबाट चारदेखि पाँच दिन पैदलयात्रा लाग्छ भने हवाई यात्रा मार्फत लुक्लाबाट तीन दिन लाग्छ । अस्तित्वमा छ भनेर दाबी गरिएको रहस्यमय जीव यतीको टाउकोको छाला यही उपत्यकाको खुन्देस्थित गुम्बामा रहेकाले पनि पर्यटकहरू खुम्जुङ पुग्छन् ।

### लोमान्थाङ (मुस्ताङ)

लोमान्थाङलाई नेपालको मरूभूमि भनेर पनि चिनिन्छ । यो प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पदाले आकर्षण भरिएको छ । स्थानीय मौलिकता र ऐतिहासिक गुफाहरूले झनै आकर्षण थपेको छ । वास्तविक हिमाली जीवन, हिमालसँगको साक्षात्कार, हजारौं वर्षअघिको नेपालको ऐतिहासिकता, पुरातात्त्विक संरचना आदि यहाँको विशेषता हो ।



# पालुङ क्याम्पसमा तीज विशेष कार्यक्रम: खत्रीलाई नृत्यको उपाधि



◆ विकास संवाददाता

थाहानगरको पालुङ बहुमुखी क्याम्पसले आयोजना गरेको हरितालिका तीज विशेष नृत्य प्रतियोगितामा बीबीएस दोस्रो वर्षकी छात्रा मोनिका खत्रीले उत्कृष्ट घोषित भएकी छिन् । क्याम्पस प्राङ्गणमा भएको प्रतियोगितामा उत्कृष्ट भएकी खत्रीलाई सम्मान स्वरूप डायरी, शिल्ड र नगद पुरस्कारसहित सम्मान गरिएको छ ।

स्वतन्त्र विद्यार्थी युनियनका सभापति मुकेश गोलेको अध्यक्षता तथा क्याम्पस प्रमुख राजन मिश्रको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रम क्याम्पसकी विद्यार्थी रमिना कार्कीले संचालन गरेकी थिइन् । नृत्य प्रतियोगिता निर्णायकहरूमा सहायक प्राध्यापक हरिकृष्ण कार्की र सुजता लामा थिङ रहेकी थिइन् ।

कार्यक्रममा क्याम्पस प्रमुख राजन मिश्रले विद्यार्थीहरूको सक्रिय सहभागिताले पठन पाठनका साथै अतिरिक्त क्रियाकलापमा पनि निखारता आउने भएकोले प्रतियोगिताको आयोजना गरिएको बताए । उनले अतिरिक्त क्रियाकलापहरूले व्यक्तित्व विकासमा टेवा पुग्ने भएकोले आगामि दिनमा सबै विद्यार्थीहरूलाई स्वस्फुर्त कार्यक्रममा सहभागी हुन आग्रह गरे । स्वतन्त्र विद्यार्थी युनियन पालुङ क्याम्पसका सभापति मुकेश गोलेले विद्यार्थी हक अधिकारका निमित्त विद्यार्थी संगठन सधै तयार रहेकोले ढुक्क भएर आफ्ना पठनपाठनमा परेका समस्याको बारेमा संगठनलाई जानकारी गराउन अनुरोध गरे ।

सो अवसरमा क्याम्पसका सहायक प्राध्यापक हरिकृष्ण कार्कीले हरितालिका तीजको महत्व तथा भड्किलो तिजका गित तथा नित्यले पारेको प्रभावको बारे प्रष्ट पारेका थिए ।

# थाहानगरमा १४ असोजबाट 'बिच भलिबल' प्रतियोगिता हुने

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा पहिलो बिच भलिवल प्रतियोगिताको आयोजना गर्ने हुने भएको छ । थाहानगर कला केन्द्रले भलिवल संघसंगको समन्वयमा प्रतियोगिताको आयोजना गर्न लागेको बताएको छ । प्रतियोगिताबाट खेल प्रवर्द्धनसहित रोमान्चक हुने विश्वास आयोजकले लिएको छ ।

प्रतियोगिता सम्बन्धी छलफलका लागि थाहानगरका जनप्रतिनिधि, स्थानीय राजनीतिक दलका नेता तथा सम्बन्धित खेलाडीहरूबीच १३ भाद्रमा अन्तर्क्रिया समेत गरिएको छ । समन्वय संस्था भलिबल संघ थाहानगरका अध्यक्ष वसन्त गोपालीको सभाध्यक्षमा भएको अन्तरक्रिया शिखरकोटको शंकर होटलमा भएको थियो । कार्यक्रमको प्रमूख अतिथि थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली रहेका थिए ।


अन्तर्क्रिया कार्यक्रममा बोल्दै खेलाडीहरूले थाहानगरमा भलिवल खेलको विकाससंगै सिंगो नगरकै खेल विकासमा अहिलेका जनप्रतिनिधिहरू तथा नगरका कर्मचारीहरू निस्वार्थ रूपमा लागि पर्नुपर्ने धारण व्यक्त गरेका छन् । कार्यक्रममा बोल्दै थाहा ३ का युवा खेलाडी उज्वल केसीले नगरपालिकाबाट प्रतिनिधित्व गरिरहेका खेलाडीहरूलाई उचित व्यवस्थापन तथा खेलाडी बीमाको व्यवस्थामा नगरपालिकाले ध्यान दिनुपर्नेमा बताए । त्यस्तै कराँते प्रशिक्षक दोङले विभिन्न स्थानहरूमा खेलको प्रतिनिधित्व गर्दै मेडल ल्याउन सफल भएका नगर का खेलाडीहरूलाई नगरपालिकाले उचित सम्मान तथा प्रोत्साहन गर्नुपर्नेमा जोड दिए ।

नेकपा एमालेका नगर अध्यक्ष अच्युतमप्रसाद ढकालले नगरपालिकाका कर्मचारी, जनप्रतिनिधि तथा स्वयम् दलका नेताहरू खेलकुदसंगै समग्र नगरको विकासको लागि दलिय स्वार्थ भन्दा पनि माथि उठेर अभ्यास गर्नुपर्ने बताउ । कार्यक्रममा जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक सानोभाई कार्कीले खेलाडीहरूले खेलकुदको आयोजना मात्रै कुर्न नहुने र खेलाडीहरूले सदैव आफ्नो अभ्यासलाई कायम राख्नुपर्ने जिकिर गरे । खेलाडीहरूले कहिँ कतै प्रतियोगिता हुन लाग्दा मात्रै आफूहरू तात्तिने परम्परा र हँदै आएको कुरा झकझक्याउँदै त्यस्तो परम्पराले सोचे अनूरूपको उपलब्धि हासिल गर्न नसक्ने बताउँदै खेललाई निरन्तर अगाडि बढाउनको लागि व्यवस्थापकिय जिम्मेवारीमा नगरपालिका र सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्ने बताए।

फरक सोचका संयोजक यादव जंग रायमाझीले थाहानगरमा पहिलो पटक हुन लागेको विच भलिवल प्रतियोगिताको लागि आयोजक टिमलाई शुभकामना व्यक्त गर्दै नगर खेल विकासका लागि आफू सदैव सकारात्मक रहि विविध अभ्यासहरू गर्दै आएको तर नगरपालिकाको भूमिका भने सोचे अनुरूप खास नरहेको बताए । रायमाझीले नगरपालिकालाई अबका दिनहरूमा खेल तथा खेलाडीहरूलाई सहयोग पुग्ने गतिविधिहरूमा थप प्रोत्साहन गर्न अनुरोध गरे । थाहानगर खेलकुद संयोजक टिकाराम स्याङतानले थाहानगरको खेलकुदको विकासलाई साँच्चै नै नयाँ र सुव्यवस्थित ढंगबाट अगाडि बढाउने र खेलकुद विकासका लागि आफूहरूले उचित तथा सहज मोडल निर्माण गरिरहेको बताए । स्याङ्तानले खेलाडीहरूको बीमा गर्नको लागि नगरपालिका सकारात्मक रहेको बताउँदै यसको प्रक्रिया शुरू गरिसकेको धारणा राखे ।

प्रतियोगितालाई सफल बनाउनका लागि नगरपालिका र आफू व्यक्तिगत रूपमा तयार रहेको बताउँदै नगर उप्रमूख भरत गोपालीले प्रतियोगिता रोमान्चक हुनेमा विश्वस्त रहेको धारणा राखे । थाहानगरमा पहिलो पटक विच भलिवल प्रतियोगिताको आयोजना हुन लागेको र उक्त प्रतियोगिताले नगरको खेलकुद विकाससंगै पर्यटन प्रवर्द्धनमा समेत विशेष योगदान पुग्ने गोपालीको आँकलन छ । थाहानगरमा पहिलो पटक आयोजना गर्न लागिएको बिच भलिवल प्रतियोगितामा प्रथम हुने जोडिले नगद ५० हजार, द्वितीय हुनेले २५ हजार र तृतीय हुने जोडीले १० हजार रूपैयाँ शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने कला केन्द्रका अध्यक्ष सानोबाबु मुक्तानले जानकारी दिए । प्रतियोगितामा उत्कृष्ट हुने खेलाडिले प्रोत्साहन स्वरूप नगद ५ हजार र अनुशासित टिमले समेत ५ हजार रूपैयाँ पुरस्कार पाउने मुक्तानले जानकारी दिए । थाहा नगरपलिका वडा नं. ३ स्थित जनकल्याण माध्यमिक विद्यालयमा हुने प्रतियोगिता विजया दशमीको अवसर पारी आउँदो असोज १४ गतेबाट सुरू भई १७ गते सम्पन्न हुने थाहानगर भलिवल संघका सचिव सुजन बस्नेतले जानकारी दिए ।

कार्यक्रममा वडा नंम्बर २ का वडा अध्यक्ष बमबहादुर सिन्तान, वडा नंम्बर ४ का अध्यक्ष नारायण बहादुर लामा, खेलकुद विकास समिति थाहा नगरका पूर्व संयोजक राजेश केसी, जनकल्याण माविका सहायक प्रधानाध्यापक मनोज रायमाझी, सोहि विद्यालयका व्यवस्थापन समिति अध्यक्ष राजिव कुमार स्याङ्तान, थाहा ८ स्थित ईन्द्रायणी माविका अध्यक्ष सुमन कार्की, नेपाल गोजुरियो कराँते प्रशिक्षक मानसिं दोङ, थाहापाटीका कार्यकारी सम्पादक शम्भु अधिकारी, तामाङ घेदुङ नगर अध्यक्ष दिपेन्द्र कुमार थिङ नेकपा माओवादी केन्द्र थाहानगर कमिटि अध्यक्ष विनोद कुमार लामालगायतको उपस्थिति थियो ।




# शहीद सुनिता स्मृति दिवसको अवसरमा कुन्छालमा श्रद्धाञ्जली सभा

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको कुन्छालमा शहीद सुनिता स्मृति दिवस तथा श्रद्धाञ्जली कार्यक्रम भएको छ । जनयुद्धका शहीद सुनिता गोपालीको जन्म स्थान कुन्छालमा कार्यक्रमको आयोजना गरी सुनिता गोपालीलाई श्रद्धाञ्जली अर्पण गरिएको हो ।

कार्यक्रम शहीद सुनिता स्मृति प्रतिष्ठानको आयोजनामा भएको हो । नेकपा माओवादी केन्द्रका बागमती प्रदेश सदस्य ज्योति रायमाझीको प्रमुख आतिथ्यतामा भएको श्रद्धाञ्जली सभामा नेकपा एकीकृत समाजवादीका थाहानगर अध्यक्ष सानुकाजी गोपाली, माओवादी केन्द्र थाहानगरका अध्यक्ष बिनोद कुमार लामा, माओवादी जिल्ला समन्वय समिती सदस्य अरूण रायमाझी, जेष्ठ कम्युनिस्ट सदस्य बिष्णु गोपाली, थाहा-१ का वडा अध्यक्ष हेरमान गोपाली, ३ नम्बर वडाध्यक्ष हिरेन्द्र रायमाझी, माओवादी केन्द्र थाहानगर उपाध्यक्ष सुमन कार्कीलगायत विभिन्न संघसंस्था, बुद्धिजिवीहरूको उपस्थिती रहेको थियो ।

शहीद सुनिता स्मृति प्रतिष्ठानका अध्यक्ष सुवर्ण गोपालीको अध्यक्षतामा भएको कार्यक्रमका वक्ताहरूले शहीदले देखाएको बाटोमा नेतृत्व नहिडी गलत बाटो हिडिर हेको बताउँदै शहीदले बगाएको रगतलाई नभुल्न नेतृत्वलाई खवरदारी गर्दै पार्टीले शहीद तथा बेपत्ता परिवारलाई विशेष ख्याल राख्नुपर्नेमा जोड दिएका थिए ।



# थाहा नगरपालिका पर्यटकीय स्थल र पार्क लिजमा लगाउने तयारी गर्दै

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले आफ्नो क्षेत्रमा पर्ने पर्यटकीय स्थल तथा पार्कहरूलाई सुरक्षा तथा व्यवसायिक दृष्टिकोणबाट लिजका दिई संचालन गर्ने तयारी थालेको छ । नगरस्तरीय तथा वडास्तरीय पर्यटकीय क्षेत्र र पार्क लिजमा दिने तयारी थाहानगरको छ ।



थाहानगरको १९ भाद्रमा भएको कार्यपालिका बैठकमा पर्यटकीय स्थल तथा पार्कहरू लिजमा दिइ संचालन गर्ने सम्बन्धी कार्यविधि, २०७९ को मस्यौदा माथि छलफल भएको छ । कार्यविधि आगामि बैठकबाट पास हुने बुझिएको छ । तर नगरपालिकाले पर्यटकीय क्षेत्रहरू लिजमा दिने सम्बन्धी आन्तरिक कार्यहरू अगाडि बढाउने निर्णय भएको पालिकाले सार्वजनिक गरेको बैठकको निर्णयमा उल्लेख छ ।

त्यसैगरी थाहा नगरपालिका वडा नम्बर ९ मा च्वाइस नेपालसंगको लागत साँझेदारीमा टाइप-२ डिजाइनको चित्लाङ स्वास्थ्य चौकी भवन निर्माण गर्नका लागि पालिकाले लागत साँझेदारी गर्ने पनि कार्यपालिकाले निर्णय गरेको छ । निर्णयमा कति बजेट लागत साँझेदारीमा लगाउने भन्ने विषय नखुलाएको भएपनि पालिकाको म्याचिङ फण्ड मार्फत साँझेदारी गर्ने निर्णयमा उल्लेख छ । त्यस्तै थाहा नगरपालिकाको १२ वटै वडामा वैदेशिक रोजगारबाट फर्किएकाहरको तथ्याङ्क संकलन गर्नका लागि प्रत्येक वडाबाट १/१ जना तथ्याङ्क संकलन छनोट गरि पठाउन वडालाई पत्राचार गर्ने पनि निर्णय भएको छ ।

सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूमा केहीमा विवरण एकिन हुन नसकेको उल्लेख गर्दै असोजको पहिलो साताभित्र वडा समितिको बैठक बसी विवरण एकिन गरी नगरपालिकामा पठाउन वडा कार्यालयलाई भनिएको छ ।

वि.सं.२०७९ असार २७ गतेको कार्यपालिका बैठकको निर्णयानुसार २०७९ वैशाख र जेठ महिनामा गएको बाढी पहिरोबाट नगरपालिकाका विभिन्न सडकहरूमा आएको पहिरो पन्छाउने कार्यमा भएको खर्चको भुक्तानी चालु आर्थिक वर्ष मा गरिने निर्णय भएको छ । उक्त रकम भुक्तानी गर्दा प्रतिवडा ३ लाखबाट नबढ्ने गरी भुक्तानी गरिने कार्यपालिकाको निर्णय छ ।

# विइङ युथका कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम



◆ विकास संवाददाता

विइङ युथको आयोजना ओएनजीडि एफएनइएलको आर्थिक सहयोग तथा शिखरापुर सामुदायिक सिकाइ केन्द्रको सहकार्यमा थाहा नगरको होटल पाइनसमा कर्मचारी क्षमता अभिवृद्ध तथा संस्थागत विकास सम्बन्धि एकदिने तालिम भएको छ ।

थाहानगर भित्रका संघसंस्थामा कार्यरत प्रतिनिधिहरू तथा जनता प्रावि थाहा १२ का कर्मचारीहरूको सहभागीता रहेको तालिममा संस्थागत विकासको लागि नेतृत्वको भुमिका, कर्मचारीहरूको कार्य व्यवस्थापन, अर्थ व्यवस्थापनका साथै समस्याको पहिचान, प्राथिमिकरण, विश्लेषण, समाधानको वैकल्पिक उपाय, उपयुक्त विकल्पको खोजी गरि कार्यान्वयन गर्ने लगायत संस्थागत प्रस्तावना लेखन अभ्यास समेत गरिएको थियो । तालिमका सहभागहिरूलाई शिखरापुर सामुदायिक सिकाइ केन्द्रका प्रमुख निरोज श्रेष्ठ तथा वल्ड एजुकेशनका छविलाल चौलागाईंले सहजीकरण गरेका थिए ।

विइङ युथका अध्यक्ष वसन्त कार्कीको सभाध्यक्षतामा भएको तालिम समापन समारोहमा प्रमुख अतिथि वडा न ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, पत्रकार कुमार नेगी, थाहानगर उद्योग वाणिज्य संघका उपाध्यक्ष पुरूषोत्तम ढकाल लगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

# थाहानगरमा पनि डैंगु संक्रमित फेला परे

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा पनि डैंगु संक्रमित फेला परेका छन् । ज्वरोका कारण पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य उपचारका लागि आएका १ जनामा डैंगुको संक्रमण पुष्टि भएको हो । संक्रमण पुष्टि भएका पुरूष उपचार पश्चात् आफ्नै घर फर्किएको स्वास्थ्य केन्द्रले जनाएको छ । उनको स्वास्थ्य अवस्था सामान्य छ । संक्रमितको कन्ट्याक ट्रसिङमा उनी हेटौंडाबाट फर्केपछि लक्षण देखा परेको बुझिएको छ ।

यसैबीच मकवानपुरको हेटौंडा उपमहानगरपालिकाले डैंगु नियन्त्रणका लागि घरदैलो अभियान सञ्चालन गरिने भएको छ । उपमहानगरपालिकाका विभिन्न वडामा डैंगु संक्रमण बढ्दै गए पछि घर दैलो अभियान थाल्ने तयारी छ । हेटौंडा-४, ५, १० र ११ मा केही सातादेखि फैलिएको डैंगु संक्रमण अझै नियन्त्रणमा आउन सकेको छैन । ती चारवटै वडामा बिहीबार अपराह्नसम्म पाँच सय ३५ जनामा डैंगु फेला परेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।



यसैगरी मनहरि गाउँपालिका-२, ४, ५ र ६ मा ९५डैंगु बिरामी फेला परेको कार्यालयले जनाएको छ । मकवानपुरमा सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिका क्षेत्रमा करिब तीन सातादेखि फैलिएको प्रकोपलाई नियन्त्रण गर्न विभिन्न विधि अपनाएको भए पनि अझै नियन्त्रणमा आउन नसकिएकाले भदौ १९ देखि हेटौंडा उपमहानगर पालिकाका १९ वटै वडा र मनहरिका विभिन्न वडामा जिल्ला स्वास्थ्य कार्यालयले घरदैलो अभियान सञ्चालन गर्न लागेको वरिष्ठ जनस्वास्थ्य अधिकृत दीपक तिवारीले बताए ।

हेटौंडा र मनहरिका विभिन्न वडामा डैंगुबाट प्रभावितलाई तत्काल उपचार गर्न जिल्ला स्वास्थ्य कार्यालय र हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा काठमाडौंको वीर अस्पताल, पाटन अस्पताल र त्रिभुवन शिक्षण अस्पताल उपचारका लागि पठाइएको उपमहानगर पालिकाको स्वास्थ्य महाशाखाका जनस्वास्थ्य अधिकृत भोलाप्रसाद चौलागाईंले जानकारी दिए ।

डैंगुबाट सामान्य प्रभावितलाई हेटौंडा अस्पताल, चुरेहिल अस्पताल र चितवनको भरतपुर अस्पताल भर्ना गरी उपचार थालिएको छ । डैंगुको पहिचान गर्न किट पर्याप्त मात्रा नहुँदा उपलब्ध गराइदिन हेटौंडा उपमहानगरपालिकाले सङ्घीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमक्ष माग गरेको चौलागाईंले बताए ।

एडिस जातका पोथी लामखुट्टेको टोकाईबाट सर्ने डैंगु रोग लागेमा उच्च ज्वरो, टाउको, हड्डी तथा जोर्नीहरूको दुखाई, शरिरमा खटिरा आउने, रिंगटा लाग्ने तथा बान्ता हुने जस्ता लक्षणहरू देखा पर्दछन् । विशेषगरी लामखुट्टे पाईने क्षेत्रमा सुत्दा झुल टाँगेर सुत्न तथा घर वरिपरी पानीको खाल्डाखुल्डी आदी पुर्न र सरसफाईमा विशेष ध्यान दिन, पूरा बाहुला भएको लुगा लगाउन स्वास्थ्यकर्मीहरूले सुझाव दिएका छन् ।

# शिखरकोटमा पुस्तकालय दिवस मनाइयो



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका शिखरकोटमा रहेको नवजागृत पुस्तकालयले १५ औं राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा १५ भाद्रमा विचार गोष्ठी तथा चियापान कार्यक्रम गरेको छ । पुस्तकालयका अध्यक्ष मधुसूदन रायमाझीको अध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा अध्यक्ष रायमाझीले जनतालाई शिक्षित र देशलाई समृद्ध बनाउने उद्देश्यले पुस्तकालय दिवस मनाउनुपर्नेमा जोड दिए । रायमाझीले भने-'पुस्तकालय भनेको ज्ञानको भण्डार हो, पुस्तकालय अझै व्यवस्थापन हुन बाँकी छ ।' पुस्तकालयलाई व्यापक सदुपयोग गर्नुपर्ने औंल्याउँदै सहभागीहरूले पुस्तकालय व्यवस्थापकहरूको स्तरवृद्धि र पुस्तकालय व्यवस्थित सञ्चालनको लागि नगरपालिकाले प्राविधिक तथा आवश्यक सहयोग गर्नुपर्नेमा जोड दिए । वि.सं २०२५ मा स्थापित नवजागृत पुस्तकालय मकवानपुरकै अग्रणी पुस्तकालय मध्येमा पर्छ । पञ्चायतकालको प्रतिकूल समयमा पुस्तकालय स्थापना भएका कारण पनि यसको अलग्गै पहिचान र गरिमा छ । यस क्षेत्रको शैक्षिक, सामाजिक, सांस्कृतिक र राजनीतिक जागरणको केन्द्रको रूपमासमेत नवजागृत पुस्तकालयलाई लिने गरिन्छ ।

यसैबीच नवजागृत पुस्तकालयको साधारणसभा सो पुस्तकालयको स्थापना दिवसको अवसरमा ३० भाद्र गर्ने निर्णय भएको छ । पुस्तकालयले सदस्यता नविकरण गर्न समेत अनुरोध गरेको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

विकास
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
२०७९ भाद्र २० गते सोमबार, 05 Sep. 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं !

- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं ।
- अनाधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं ।
- विज्ञापन प्राप्त गर्न अनुचित दबाव र प्रभाव नपारौं ।
- निर्धारित समय र स्थान मै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

---

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना


जेष्ठ नागरिक


एकल महिला


अशक्त/अपाङ्ग


लोपोन्मुख जाति


बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गतेदेखि २०७९ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**


थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर

---

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

**डेंगी रोग डेंगी भाईरसबाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडामा पनि हुर्कन सक्दछ ।**

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।





थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

## डेंगीका मुख्य लक्षणहरु


उच्च ज्वरो आउनु


जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु


आँखाको गेडी दुख्नु


बेस्सरी टाउको दुख्नु


शरीरमा राता बिमिराहरु आउनु


वाकवाकी लाग्नु वा वान्ता हुनु

## डेंगीबाट बच्ने उपायहरु

पानी राख्ने भाँडाहरु जस्तै ट्याङ्की, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।





कोठा भि त्र लामखुट्टे भगाउने धुप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं



पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लाष्टिका बस्तुहरु पानी जम्न नमिल्ने गरि विर्सजन गर्ने




घर/वियालयको अध्याँरा कुना–काप्चा जस्तै पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशन औषधि छर्कने गरौं ।





कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।



हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाउँहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

थाहा नगरपालिका
**स्वास्थ्य शाखा**
इन्द्रायणी चौर, मकवानपुर

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी